माननिय मन्त्रीज्यूबाट
मिति २०८१ मंसीर ६ गते
स्वीकृत

# "संक्रामक तथा नसर्ने रोग न्युनिकरणमा स्वास्थ्य मन्त्री कार्यक्रम"

## सञ्चालन कार्यविधि

## २०८१

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

महाशाखा प्रमुख

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

## विषय सूची

१. सर्ने तथा नसर्ने रोगहरु रोकथाम तथा स्वस्थ्य जीवनशैली सम्बन्धी व्यवहार परिवर्तनका लागि सूचना सञ्चार, पैरवी, अन्तरक्रिया र सूचना प्रकाशन ........ 3

२. सर्ने तथा नसर्ने रोगहरु रोकथाम तथा स्वस्थ्य जीवनशैली सम्बन्धी विभिन्न स्वास्थ्य प्रवर्धन कार्यक्रम ........ 5

३. नसर्ने रोग नियन्त्रण तथा स्वस्थकर जीवनशैली प्रवर्धन कार्यक्रम ........ 7

४. सरुवा रोगको एकीकृत नियन्त्रण तथा खोजपडताल कार्यक्रम ........ 10

५. खुल्ला व्यायामशाला निर्माण ........ 12

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

सचिव

महाशाखा प्रमुख

**पृष्ठभुमीः** अस्वस्थकर खानपिन तथा विलाशिता जविनशैली, तथा अव्यवस्थित शहरीकरणको कारण सर्ने तथा नसर्ने रोगको साथै सडक दुर्घटना र मानसिक स्वास्थ्य समस्याको प्रकोपदर बढदै गएको वर्तमान अवस्थामा जनसमुदायमा सोको प्रभाव न्युनिकरण गर्न साथै प्रभावकारी कार्यक्रम सञ्चालन गरी स्वस्थकर बानी व्यहोराको विकासको गर्न व्यहार परिवर्तनका लागि अभिप्रेरित गरि बढदै गएको रोगको प्रकोप दरमा कमि ल्याउन आर्थिक बर्ष २०८१।८२ मा स्विकृत भएको **"संक्रामक तथा नसर्ने रोग न्युनिकरणमा स्वास्थ्य मन्त्री कार्यक्रम"** सञ्चालनको लागि यो कार्यबिधि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको छ।

## १. सर्ने तथा नसर्ने रोगहरु रोकथाम तथा स्वस्थ्य जीवनशैली सम्बन्धी व्यवहार परिवर्तनका लागि सूचना सञ्चार, पैरवी, अन्तरक्रिया र सूचना प्रकाशन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १० लाख | वटा | १० | दोस्रो, तेस्रो, चौथो, त्रैमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | हालको सर्ने रोगहरुको नियन्त्रणको अबस्था कायम राख्दै उन्मुलन र निवारण तर्फ उन्मुख हुनकालागि र मानसिक स्वास्थ्य समस्या समाधान एबम नसर्ने रोगरुको व्यापता न्यूनीकरण गर्न बहुनिकाय र सर्बपक्षीय सहभागिता र अपनत्व अपरिहार्य छ। हालसम्मको चुनौती र जोखिमलाई समेत निराकरण गर्दै उपचार र ब्यबस्थापनमा समेत अग्रसर हुन जरुरि देखिन्छ।<br><br>अस्वस्थकर खानपिन तथा विलाशिता जविनशैली, तथा अव्यवस्थित शहरीकरणको कारण सर्ने तथा नसर्ने रोगको साथै सडक दुर्घटना र मानसिक स्वास्थ्य समस्याको प्रकोपदर बढदै गएको वर्तमान अवस्थामा जनसमुदायमा सो को प्रभाव न्युनिकरण गर्न प्रभावकारी सञ्चारको माध्यमद्वारा स्वस्थकर बानी बेहोराको विकासको गर्न व्यहार परिवर्तनका लागि अभिप्रेरित गर्ने खालका सूचना, सन्देश प्रकाशन तथा प्रसारण गर्ने, सञ्चारकर्मीहरुसंग अन्तरक्रिया तथा पैरवी कार्यक्रमहरु सञ्चालन गर्न, मन्त्रालयद्वारा गरिएका क्रियाकलाप तथा उपलब्धीहरु सार्वजनिकिकरण गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | • सर्ने तथा नसर्ने रोगहरुबाट बच्ने उपायहरुको बारेमा जानकारी दिने।<br>• स्वस्थ जीवजशैली प्रवर्धनको लागि व्यवहार परिवर्तनका लागि सुचना सन्देशहरु प्रशारण तथा प्रशारण गर्ने।<br>• मन्त्रालयद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुको पैरवी गर्ने। |

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • सञ्चारकर्मीहरुसंग अन्तरक्रिया कार्यक्रम गर्ने।<br>• नसर्ने रोगहरूको जोखिम कारकहरू कम गर्ने र बिभिन्न क्षेत्रमा अन्तरनिहित रहेका निर्धारकहरुको सम्बोधन गर्नु।<br>• मुटुरोग, क्यान्सर, मधुमेह श्वासप्रस्वाससम्बन्धि दीर्घ रोगबाट हुने समग्र अल्पआयु मृत्युदरमा सन् २०२५ सम्ममा २५% र सन् २०३० सम्ममा ३३% कमी ल्याउने।<br>• सामाजिक सञ्जाल तथा सञ्चार माध्यमद्वारा प्रचार प्रसार गरी सचेतना बढाउने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्र | सुचना सन्देश प्रकाशन प्रशारण गर्न, प्रचार प्रसार गर्न, अन्तरक्रिया तथा पैरवी गर्न लाग्ने, व्यवस्थापन खर्च, दैनिक भ्रमण भत्ता र यातायात खर्च आदि |
| लक्षित समूह | सञ्चारकर्मी तथा आम जनसमुदाय |
| कार्यक्रम सञ्चालन विधि | • नेपाल सरकारले जनस्वास्थ्य ऐन २०७५ बमोजिम राजपत्रमा प्रकाशन गरेको प्राथमिकीकरण गरेका संक्रामक रोगहरु बारे पैरवी एबम सचेतीकरण गर्ने।<br>• मानसिक स्वास्थ्य, नसर्ने रोग, सुर्तीजन्य पदार्थ नियमन र नियन्त्रण लगायतका सूचना सन्देश तथा क्रियाकलापहरु उत्पादन गर्ने, मिडियाहरुमा प्रकाशन एबम प्रशारण गर्ने।<br>• जिल्ला एबम स्थानीय तहहरुमा सूचना सन्देस सामाग्रीहरु नमुना समेत पठाउन सकिने छ ।<br>• मानसिक स्वास्थ्य एबम सर्ने, नसर्ने रोगहरु सम्बन्धित बिषय बिज्ञ सहित राखी रेडियो बहस क्रियाकलाप संचालन गर्ने।<br>• आफ्नो कार्यक्षेत्रमा सक्रिय सञ्चारकर्मीहरुसंग निरन्तर समन्वय र सहकार्य गर्ने।<br>• प्रकाशन, प्रशारण वा पैरवी तथा संचारकर्मिहरुसंग संक्रामक रोग एबम नसर्ने रोग, सुर्तीजन्य पदार्थ एबम मदिरा नियमन तथा नियन्त्रण लगायत बिबिध बिषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालनको लागि योजना बनाई कार्यक्रम स्विकृत गराउने।<br>• बाताबरण प्रदुषण र यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर बारे सचेतीकरण गर्ने गराउने ।<br>• प्रचलित कानून अनुसार कार्यक्रम सञ्चालन गरि सो को प्रतिवेदन गर्ने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | • नसर्ने रोग मुक्त स्वस्थ तथा उत्पादनशिल नागरिक । |

(२)

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ कार्यान्वयनमा सहजीकरण हुनेछ।<br>• सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन २०६८ को पालना एबम कार्यान्वयन भएको हुनेछ ।<br>• मानसिक स्वास्थ्य एबम सर्ने तथा नसर्ने रोगको बारेमा जनचेतना फैलाउने। स्वस्थकर जीवनशैलीको विकास गर्ने।<br>• आम जनमानसमा सूसुचित गराउने ।<br>• जनहितमा मन्त्रालयद्वारा गरिएका क्रियाकलापहरु सार्वजनिकिरण गर्ने । |
| अनुगमन र मुल्याङ्कनको सुचक | • प्रकाशन र प्रशारण भएको सुचना सन्देशको संख्या।<br>• सम्पन्न गरिएका अन्तरक्रिया तथा पैरवी कार्यक्रमको संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## २. सर्ने तथा नसर्ने रोगहरु रोकथाम तथा स्वस्थ्य जीवनशैली सम्बन्धी विभिन्न स्वास्थ्य प्रवर्धन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ८ लाख | वटा | ५ | दोस्रो, तेस्रो, चौथो त्रैमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | अस्वस्थकर खानपिन तथा विलाशिता जविनशैली, तथा अव्यवस्थित शहरीकरणको कारण सर्ने तथा नसर्ने रोगको साथै सडक दुर्घटना र मानसिक स्वास्थ्य समस्याको प्रकोपदर बढदै गएको वर्तमान अवस्थामा जनसमुदायमा सोको प्रभाव न्युनिकरण गर्न प्रभावकारी सञ्चारको माध्यमद्वारा स्वस्थकर बानी व्यहोराको विकासको गर्न व्यहार परिवर्तनका लागि अभिप्रेरित गर्ने खालका विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरुको आयोजनमा सहकार्य गर्ने, प्रायोजन गर्ने तथा आवश्यकतानुसार आयोजना गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | • मानसिक स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरुबाट बच्ने उपायहरुको बारेमा जानकारी दिने।<br>• सुर्तीजन्य पदार्थ र मदिरा साथ साथै लागु औषध नियन्त्रण गर्ने<br>• स्वस्थकर जविनशैलीको विकास गर्ने।<br>• बाताबरण प्रदुषण र यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर बारे सचेतीकरण गर्ने गराउने । |



महाशाखा प्रमुख

सचिव

| | |
|---|---|
| | • स्वास्थ्य सेवामा बहु पक्षिय र बहुक्षेत्रिय समन्वयको लागि सहकार्य गर्ने।<br>• अन्य संघसस्थाहरुलाई सामाजिक उत्तरदायित्व वहनको लागि अभिप्रेरित गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्र | स्वास्थ्य प्रवर्धन एबम सचेतीकरण क्रियाकलाप र अभियानहरु सञ्चालन प्रायोजन गर्दा लाग्ने व्यवस्थापकिय खर्चहरु, व्यानर, पोस्टर, ब्रोसर छपाई, टिसर्ट छपाई, प्रमाणपत्र छपाई तथा अन्य आवश्यक खर्चहरु खाजा, खाना, पानी आदि |
| लक्षित समूह | आम जनसमुदाय |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालनको लागि पुर्व तयारी गर्ने। उच्च जोखिम जिल्ला समुदाय ठाउँ बिशेष हेरी सोहि बमोजिम कार्ययोजना तय गरि विषयगत निकायहरुको समन्वयमा मन्त्रालय आफैले पनि सचेतीकरण क्रियाकलाप संचालन एबम सहजीकरण गर्न सक्नेछ ।<br>• विभिन्न इभेन्ट आयोजकहरुसंग समन्वय गर्न सकिने छ ।<br>• प्रायोजनको क्षेत्र निर्धारण गरी सम्झौता गर्ने।<br>• सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रण बारेमा होटेल क्षेत्र तथा जनमानसको उच्च भिडभाड हुने स्थानमा होर्डिङ बोर्ड, पोस्टर तथा सूचना संदेश Display गर्न सकिनेछ।<br>• क्रियाकलाप सञ्चालन भएको अनुगमन तथा नियमन गर्ने।<br>• सम्झौता अनुसार क्रियाकलाप सञ्चालन भएको प्रतिवेदन प्राप्त भए पश्चात नियमानुसार भुक्तानी दिने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | • सर्ने तथा नसर्ने रोगको बारेमा जनचेतना फैलाउने।<br>• सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन २०६८ को पालना एबम कार्यान्वयन भएको हुनेछ ।<br>• स्वस्थकर जीवनशैलीको विकास गर्ने।<br>• सर्ने तथा नसर्ने रोगको बढ्दो प्रकोपदरमा कमि ल्याउने। |
| अनुगमन र मुल्याङ्कनको सुचक | • सचेतीकरण क्रियाकलाप गरिएको संख्या ।<br>• प्रायोजन वा आयोजना भएका कार्यक्रमको प्रतिवेदन संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

(४)

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## ३. नसर्ने रोग नियन्त्रण तथा स्वस्थकर जीवनशैली प्रवर्धन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट (रु हजारमा) | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड ३१ लाख २५ हजार | जिल्ला | १२ | दोस्रो, तेस्रो, चौथो त्रैमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | केही वर्ष पहिले सरुवा रोगहरुको चाप, मातृशिशु स्वास्थ्य नेपालको प्रमुख जनस्वास्थ्य समस्या रहेको थियो। केही दशकयता नेपालले आफ्नो स्वास्थ्य स्थितिमा धेरै सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ, र पनि विश्वव्यापीकरण, शहरीकरण, जनसंख्या वृद्धि, वातावरण प्रदुषण, जीवनशैलीमा आएको परिवर्तनसंगै नसर्ने रोग, दुर्घटना तथा मानसिक रोगमा व्यापक वृद्धि भएको पनि देखिन्छ। विश्व स्वास्थ्य संगठनको तथ्यांकलाई हेर्दा प्रति वर्ष करिब ४ करोड १० लाख मानिसहरूको मृत्यु नसर्ने रोगहरुका कारण भएको र मृत्यु हुनेमा ८० प्रतिशत मुख्य चार रोगहरु (मुटु तथा रक्तनलि सँग सम्वधित रोगहरु, क्यान्सर, फोक्सो सम्बन्धि रोग र चिनी रोग) प्रमुख रहेका छन्, अहिले नेपालमा कुल मृत्युको ७१ प्रतिशत कारण नसर्ने रोग हुन। अहिले युवा तथा ४० वर्ष माथीका व्यक्तिमा हृदयघात, मस्तिष्कघात, मधुमेह, उच्च रक्तचापको समस्या देखिने गरेको छ।<br>अस्वस्थकर खानपिन तथा विलाशिता जविनशैली, तथा अव्यवस्थित शहरीकरणको कारण नसर्ने रोगको साथै सडक दुर्घटना र मानसिक स्वास्थ्य समस्याको प्रकोपदर बढ्दै गएको वर्तमान अवस्थामा जनसमुदायमा सोको प्रभाव न्युनिकरण गर्न स्थानिय तहसंगको सहाकर्यमा स्वस्थकर बानी व्यहोराको विकासको गरि व्यहार परिवर्तनका लागि अभिप्रेरित गर्ने खालका विभिन्न प्रतिकारात्मक र प्रवर्धनात्मक कार्यक्रमहरुको सञ्चालन यो कार्यक्रमको व्यवस्था गरिएको हो।<br>१५ देखि ५९ वर्ष उमेर समूहमा गरिएको NCD STEP Survey २०१९ अनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवन गर्ने २८ प्रतिशत, दैनिक मदिरा सेवन गर्ने २०.८ प्रतिशत, खानामा नुनको अधिक मात्रा (झन्डै ११ ग्राम प्रतीव्यक्ति) दैनिक सेवन गर्ने जनसंख्या ९.२ प्रतिशत, बढी मात्रामा नुन High Processed Food भएको सेवन गर्ने १९.५ प्रतिशत रहेको छ भने शारीरिक रुपमा निष्क्रिय हुने जनसंख्या देशभरीमा ७.४ प्रतिशत रहेको छ। बढ्दो वायु प्रदूषणले श्वासप्रश्वासबाट सोझै असर पुऱ्याउने र दम र फोक्सोको क्यान्सर हुने सम्भावना निकै बढी भैरहेको छ।<br>नेपालमा सडक दुर्घटना लगायत अन्य किसिमका दुर्घटना र चोटपटक रोकथाम सम्बन्धी समस्या बढ्दो रहेको छ। |



महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| उद्देश्य | • नसर्ने रोगहरुको बारेमा सचेतीकरण गर्ने समुदायलाई सूसुचित गर्ने, जानकारी दिने।<br>• स्वस्थकर जीवनशैलीको विकास गर्ने।<br>• सुर्तिजन्य तथा मादक पदार्थको विक्रिवितरण तथा प्रयोगमा नियमन गर्ने गराउने।<br>• स्वास्थ्यकर खाध्यपदार्थको प्रयोगको लागि पैरवी गर्ने।<br>• स्वास्थ्य सेवाको उपभोगको लागि अभिप्रेरित गर्ने।<br>• मानसिक स्वास्थ्य प्रबर्धनका लागि योग तथा व्यायाम गर्ने बानीको विकास गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु तथा आयुर्वेद चिकित्सालय र स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | नसर्ने रोग रोकथाम तथा नियन्त्रणको लागि सञ्चालन गरिने क्रियाकलापको लागि आवश्यक पर्ने खाजा, खाना, ब्यानर, ब्रोसर, पानी, दैनिक भ्रमण भत्ता, यातयात खर्च, व्यवस्थापन खर्च आदि। |
| लक्षित समूह | आम जनसमुदाय |
| कार्यक्रम सञ्चालन विधि | • नसर्ने रोग, मानसिक स्वास्थ्य, लागु पदार्थ दुर्व्यसनी नियन्त्रण लगाएतका स्वास्थ्य प्रवर्धन कार्यक्रमका लागि आयुर्वेद स्वास्थ्य संस्था, स्थानीय तह तथा अरु सरोकारवालाहरुसंग समन्वय गर्ने र सञ्चालनको लागि पूर्व तयारी गर्ने, कार्य योजना गराउने ।<br>• आवश्यक विषयबस्तु स्वास्थ्य कार्यालय/ आयसर्वेद कार्यालयले तयार गर्ने ।<br>• नसर्ने रोग व्ययवस्थापन, स्वस्थ जीवनशैली, योग व्यायाम, सुर्तिजन्य पदार्थ तथा मादकपदार्थको प्रयोग न्युनिकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने गराउने।<br>• स्थानीय आवश्यकताको आधारमा जोखिम क्षेत्र पहिचान गरि कार्यक्रम तयार गर्ने।<br>• क्याम्पस एबम बिद्यालयका बिद्यार्थीहरु, शिक्षक, स्वास्थ्य आमा समूह, युवा क्लब/समूह, समुदायका अगुवा, जनप्रतिनिधि, धामी झाँक्री एबम सरोकारीत अन्य विषयगत निकायहरुसंग आ-आफ्नो भूमिका, जिम्मेवारी र निर्बाह गर्नु पर्ने क्षेत्र सहित अन्तरक्रिया, स्वास्थ्य शिक्षा, सचेतीकरण र पैरवी कार्यक्रम गर्ने । स्थानीय तहहरुको सकृयता एबम सहभागितामा क्रियाकलाप सञ्चालन गर्ने गराउने।<br>• कार्यक्रम १ दिनको नसर्ने रोगको अभिमुखिकरण सबै स्थानिय तहमा सञ्चालन गर्ने<br>• कार्यक्रमको अनुगमन तथा नियमन गर्ने।<br>• क्रियाकलाप सञ्चालन भएको प्रतिवेदन प्राप्त भए पश्चात नियमानुसार भुक्तानी दिने। |
| बजेट बाँडफाड | यस कार्यक्रम सञ्चालनका लागि निम्न अनुसारका कार्यालयहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क.स. | कार्यालय | बजेट(०००) | क.स. | कार्यालय | बजेट(०००) |
|---|---|---|---|---|---|

(८)

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय, रुपन्देही | १३९२ | १३ | आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी | २४५ |
| २ | स्वास्थ्य कार्यालय, कपिलवस्तु | ८५० | १४ | आयुर्वेद स्वास्थ्य केन्द्र, पाल्पा | ३५० |
| ३ | स्वास्थ्य कार्यालय, पाल्पा | ८६० | १५ | आयुर्वेद स्वास्थ्य केन्द्र, कपिलवस्तु | ३५० |
| ४ | स्वास्थ्य कार्यालय, अर्घाखाची | ५१० | १६ | आयुर्वेद स्वास्थ्य केन्द्र, अर्घाखाची | २१० |
| ५ | स्वास्थ्य कार्यालय, गुल्मी | १०२० | १७ | आयुर्वेद स्वास्थ्य केन्द्र, गुल्मी | ४२० |
| ६ | स्वास्थ्य कार्यालय, दाङ | ८५० | १८ | आयुर्वेद स्वास्थ्य केन्द्र, रोल्पा | ३५० |
| ७ | स्वास्थ्य कार्यालय, रोल्पा | ८५० | १९ | आयुर्वेद स्वास्थ्य केन्द्र, प्यूठान | ३१५ |
| ८ | स्वास्थ्य कार्यालय, प्यूठान | ७६५ | २० | आयुर्वेद स्वास्थ्य केन्द्र, बाँके | २८० |
| ९ | स्वास्थ्य कार्यालय, बाँके | ६८० | २१ | आयुर्वेद स्वास्थ्य केन्द्र, बर्दिया | २८० |
| १० | स्वास्थ्य कार्यालय, बर्दिया | ६८० | २२ | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | १०५ |
| ११ | स्वास्थ्य कार्यालय, नवलपरासी पश्चिम | ५९५ | २३ | लुम्बिनी आयुर्वेदिक चिकित्शालय बुटवल | ५६० |
| १२ | स्वास्थ्य कार्यालय, रुकुम पूर्व | २५८ | २४ | राप्ति आयुर्वेदिक चिकित्शालय दाङ | ३५० |

प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

| | |
|---|---|
| अपेक्षित उपलब्धी | • मानसिक स्वास्थ्य, नसर्ने रोग सम्बन्धमा स्थानीय तहमा कार्यक्रम सञ्चालन भएको हुनेछ।<br>• स्वस्थकर जीवनशैलीको विकास गर्न मद्दत पुग्नेछ।<br>• सुर्तिजन्य पदार्थ तथा मादकपदार्थको प्रयोग तथा विक्रि वितरणमा कमि आउनेछ।<br>• नसर्ने रोगको व्याप्ततामा कमि आउनेछ।<br>• कडा प्रकारका रोगहरुको लागि बिपन्न नागरिक उपचार कोष एबम प्रदेश स्वास्थ्य उपचार बिशेष आर्थिक सुबिधाका बारेमा जानकारी भएको हुनेछ। |



महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • आधारभुत स्वास्थ्य सेवा स्थानीय सरकारको कार्यक्षेत्रमा पर्ने बोध गराई आगामी बर्षमा स्थानीय तहमा सोहि बमोजिम कार्ययोजना तर्जुमामा सहजीकरण हुनेछ ।<br>• व्यक्ति र समुदाय स्तरमा स्वास्थ्य अवस्था सुध्रिढीकरण, स्वास्थ्य सेवाको उपभोग वृद्धि एबम सक्रिय जीवनशैली सहित नियमित स्वास्थ्य परिक्षण गर्ने बानीको विकास हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सुचक | • कार्यक्रम सञ्चालन भएको प्रतिवेदन संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## ४. सरुवा रोगको एकीकृत नियन्त्रण तथा खोजपडताल कार्यक्रम

| खर्च शीर्षक नं | बजेट (रु हजारमा) | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ८१७५ | स्वास्थ्य कार्यालय | १२ | दोस्रो, तेस्रो, चौथो त्रैमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | २१ औं शताव्दीको समयमा पनि लुम्बिनी प्रदेशमा सरुवा रोगहरु विशेष गरि कुष्ठरोग, हात्तिपाइले, क्षयरोग, डेंगी, स्क्रब टाइफस, औंलो जस्ता रोगहरु जनस्वास्थ्य समस्याको रुपमा बिधमान रहनु ठुलो चुनौतीको विषय हो। यी रोगहरुको समयमै निदान तथा नियन्त्रण गर्न एकीकृत कार्यक्रम सञ्चालनको माध्यमबाट जोखिम क्षेत्र तथा समुदायको पहिचान गरि सो को प्रकोप दरमा कमि, न्युन बनाउने र त्यसबाट हुने गरेको अपाङ्गता र मृत्यदरमा कमि ल्याउन यो कार्यक्रमको व्यवस्था गरिएको हो।<br>यी बाहेक अन्य महामारीजन्य रोगहरु झाडापखाला आउ, हैजा लगायत पानीजन्य रोगहरुको प्रकोप पनि उस्तै नै हुने गरेका छन् । ती र त्यस्ता प्रकृतिका संक्रामक अन्य रोगहरुको प्रतिकार्य, रोकथाम र निदानका बारेमा बारेमा सचेतिकरण र पैरवी गर्ने गराउने गरि कार्य क्रम तय गरिएको छ । |
| उद्देश्य | • सरुवा रोगहरुको विशेष गरि कुष्ठरोग, हात्तिपाइले, क्षयरोग, डेंगी, स्क्रब टाइफस, औंलोको पालिकास्तरिय अवस्था पत्ता लगाउने। अन्य पानीजन्य रोग हरुको अबस्था र खानेपानी सुद्धिकरण का आयाम हरु बारे सचेतीकरण गर्ने ।<br>• समुदायमा लुकेर रहेका विरामीहरु पत्ता लगाउने र अभिलेखिकरण गर्ने।<br>• पत्ता लागेका विरामीहरुलाई उपचारमा ल्याउने।<br>• सर्ने माध्यमहरुको एकीकृत व्यस्थापनको लागि अभियान सञ्चालन गर्ने।<br>• नोटिफ़ाईएबल रोगहरुको समयमा नै नोटिफिकेसन र ब्यबस्थापन गर्ने । |

(८)

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • सरोकारवालहरुलाई अवस्थाको विषयमा जानकारी गराई नियन्त्रणको क्रियाकलाप सञ्चालनको लागि पैरवी गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु तथा स्थानीय तहहरु |
| खर्च क्षेत्र | सरुवा रोग रोकथाम तथा नियन्त्रणको लागि सञ्चालन गरिने क्रियाकलापको लागि आवश्यक पर्ने खाजा, खाना, ब्यानर, पानी, दैनिक भ्रमण भत्ता, यातयात खर्च आदि। |
| लक्षित समूह | आम जनसमुदाय |
| कार्यक्रम सञ्चालन विधि | • सरुवा रोग नियन्त्रणका लागि स्थानीय सहहरुसंग समन्वय गर्ने र सञ्चालनको लागि पुर्व तयारी गर्ने, कार्य योजना गराउने ।<br>• स्थानीय आवश्यकताको आधारमा जोखिम क्षेत्र पहिचान गरि कार्यक्रम तयार गर्ने।<br>• क्याम्पस एवम बिद्यालयका बिद्यार्थीहरु, शिक्षक, स्वास्थ्यकर्मी, स्वास्थ्य आमा समूह, म.स्वा. से., युवा क्लब/समूह, समुदायका अगुवा, जनप्रतिनिधि, धामी झाँक्री एवम सरोकारीत अन्य बिषयगत निकायहरुसंग आ-आफ्नो भूमिका, जिम्मेवारी र निर्बाह गर्नु पर्ने क्षेत्र सहित अन्तरक्रिया, स्वास्थ्य शिक्षा, सचेतीकरण र पैरवी कार्यक्रम गर्ने । स्थानीय तहहरुको सकृयता एबम सहभागितामा क्रियाकलाप सञ्चालन गर्ने गराउने।<br>• नेपाल सरकारले जनस्वास्थ्य ऐन, २०७५ बमोजिम राजपत्रमा प्रकाशन गरेको संक्रामक रोगहरु बारे पैरवी एवम सचेतीकरण गर्ने।<br>• नेपाल सरकारले जनस्वास्थ्य ऐन २०७५ बमोजिम राजपत्रमा प्रकाशन गरेको प्राथमिकीकरण गरेका संक्रामक रोगहरु बारे पैरवी एवम सचेतीकरण गर्ने। (नोटिफाइएबल एवम महामारीजन्य रोगहरुको नोटिफिकेसन तत्काल गर्ने गराउने बारेमा सचेतीकरण गर्ने)<br>• RRT, WASH, EWARS र अन्य Surveillance System का बारेमा जानकारी एबम सचेतीकरण गर्ने ।<br>• कार्यक्रमको अनुगमन तथा नियमन गर्ने।<br>• क्रियाकलाप सञ्चालन भएको प्रतिवेदन प्राप्त भए पश्चात नियमानुसार भुक्तानी दिने। |
| बजेट बाँडफाड | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क.स. | स्वास्थ्य कार्यालय | बजेट रु: (000) | क.स | स्वास्थ्य कार्यालय | बजेट रु: (000) |
|---|---|---|---|---|---|
| १. | रुकुम पूर्व | २२५ | ७. | नवलपरासी पश्चिम | ५२५ |
| २. | रोल्पा | ७५० | ८. | रुपन्देही | १२०० |

महाशाखा प्रमुख



सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३. | प्यूठान | ६७५ | ९. | दाङ | ७५० |
| | ४. | गुल्मी | ९०० | १०. | बाँके | ६०० |
| | ५. | पाल्पा | ७५० | ११. | बर्दिया | ६०० |
| | ६. | अर्घाखाची | ४५० | १२. | कपिलवस्तु | ७५० |
| | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। | | | | | |
| अपेक्षित उपलब्धी | • सरुवा रोग सम्बन्धमा स्थानीय तहमा कार्यक्रम सञ्चालन भई रोगिहरुको अभिलेखिकरण भएको हुनेछ। नोटिफाईएबल रोगहरुको समयमै नोटिफिकेसन गर्ने गराउने कार्यमा अग्रसर हुनेछ ।<br>• रोगहरुको ट्रेण्ड बिश्लेषण गर्ने क्षमताको विकास भै सो को समय मै व्यवस्थापन भएको हुनेछ ।<br>• महामारी ब्यबस्थापनमा सहजता हुनेछ ।<br>• सरुवा रोग सर्ने माध्यमहरुको एकीकृत व्यवस्थापनका क्रियाकलापहरु सञ्चालन भएको हुनेछ।<br>• सरुवा रोगको प्रकोपदरमा कमि आउनेछ।<br>• आधारभुत स्वास्थ्य सेवा स्थानीय सरकारको कार्यक्षेत्रमा पर्ने बोध गराई आगामी बर्षमा स्थानीय तहमा सोहि बमोजिम कार्ययोजना तर्जुमामा सहजीकरण हुनेछ । | | | | | |
| अनुगमन र मुल्याङ्कनको सुचक | • कार्यक्रम सञ्चालन भएको प्रतिवेदन संख्या। | | | | | |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ। | | | | | |

## ५. खुल्ला व्यायामशाला निर्माण

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | बार्षिक विनियोजित बजेट | पटक | ६ | तेश्रो र चौथो त्रैमाशीक |

| उपशीर्षक | विवरण |
|---|---|



महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

<table>
<tr><td>परिचय</td><td>प्रदेशका विभिन्न स्थनाम खुल्ला व्यायामशाला निर्माण गरी खुल्ला व्यायामद्वारा स्वस्थ जीवन शैली यापन गर्न आम जनतालाई सहज बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ।</td></tr>
<tr><td>उद्देश्य</td><td>खुल्ला व्यायामशालाद्वारा स्वस्थ जीवनशैली यापन गर्न</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>स्वास्थ्य कार्यालय आयुर्वेद स्वास्थ्य केन्द्र</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>खुल्ला व्यायाम शालाका लागि आवश्यक औजार उपकरण खरिद तथा जडान</td></tr>
<tr><td>लक्षित समुह</td><td>आम जनसमुदाय</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>• खुल्ला व्यायामशालाका लागि मन्त्रालयको निर्णयानुसारको सम्बन्धित स्थानिय तह वा कार्यालयसंग औजार उपकरणको लागत अनुमान तयार गरी प्रस्ताव माग गर्ने<br>• लागत अनुमान स्विकृती पश्चात सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद निएमावली २०६४ बमोजिम खरिद प्रकृया अवलम्वन गर्ने।<br>• सम्झौता अनुरुप भएको वास्तविक प्रगतिका आधारमा सम्बन्धित प्राविधिकले गरेको नाँप जाँच गुणस्तर परीक्षण समेतका आधारमा सक्कल बील भर्पाई अनुसार स्वास्थ्य कार्यालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रले भुक्तानी गर्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालन कार्यान्वयन,अनुगमन एवं प्रतिवेदन तयार गर्ने।</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रम सञ्चालनका लागि निम्न अनुसारका कार्यालयहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यालय</th><th>विनियोजित रकम रु (०००)</th></tr>
<tr><td>१</td><td>स्वास्थ्य कार्यालय रुपन्देही</td><td>२०००</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य कार्यालय पाल्पा</td><td>३०००</td></tr>
<tr><td>३</td><td>आयुर्वेदिक स्वास्थ्य केन्द्र कपिलवस्तु</td><td>१०००</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।</td></tr>
<tr><td>अनुगमन तथा मूल्याङ्कन</td><td>• लागत अनुमान तयारी र सम्झौता<br>• भौतिक पुर्वाधार निर्माण सम्पन्नता तथा मर्मत सम्भार</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ।</td></tr>
</table>

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल